स्थानीय सरकार

## तामाकोशी गाउँपालिका

# आ.व. २०७७।०७८ को बजेट

## सातौं गाउँसभा

मिति २०७७ असार १० गते

मिति २०७७ साल असार १० गतेका दिन तामाकोशी गाउँपालिकाको सातौं गाउँसभा अधिवेशनको पहिलो बैठकमा उपाध्यक्ष तथा बजेट तर्जुमा समितिका संयोजक श्री उर्मिला खड्का के.सी. ले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७।०७८ को

# बजेट

२०७७

**सभाध्यक्ष महोदय,**

१. विश्वमानचित्रमा नेपालले सार्वभौमिकता, भौगोलिक अखण्डता, एकता, राष्ट्रिय हित र स्वाभिमानको गौरवपूर्ण इतिहास कायम गरेको छ । यस गौरवमय पहिचान, सामाजिक रुपान्तरण, राष्ट्रिय अस्मिताको रक्षाका साथै विभिन्न कालखण्डमा जनजीविकाको स्वर्णीम भविष्यका लागि आफ्नो ज्यानको बलि अर्पण गर्ने महान ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।
"समृद्ध नेपाल, सुखी नेपाली" को नारालाई पूर्णतः आत्मसात गर्दै समाजवाद उन्मुख नेपालको नवनिर्माण अभियानमा अघि बढिरहेको अवस्थामा विश्व मानव इतिहासकै संकटको रुपमा देखापरेको कोभिड-१९ को महामारीले मुलुक आक्रान्त बनिरहेको छ । कोभिड-१९ का कारण जटिल र चुनौतीपूर्ण बनेको अवस्थालाई मध्यनजर गर्दै जनताको चाहना बमोजिम विकास र भावी दिनका कार्ययोजनाहरु समायानुकुल बनाउदै नवीन अवसर समेत श्रृजना गर्नेगरी अघि बढ्नुपर्ने स्थिति विद्यमान रहेको छ ।

२. आज असार १० गते तामाकोशी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७७।०७८ को वार्षिक बजेट पेश गर्न उभिएको छु ।

**सभाध्यक्ष महोदय,**

राजनैतिक, सामाजिक, सांस्कृतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

३. कोभिड-१९ ले विश्व जनजीवनमा संकट पैदा गरेको, आर्थिक सामाजिक अवस्था धरासायी बनिरहेको र त्यसको नकारात्मक असर सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा समेत परेको अवस्थामा यस महामारीसँग मुकाविला गर्दै आगामी दिनका कार्यक्रमहरु समेत कोभिड-१९ अनुकुल बनाउनु आजको अपरिहार्य आवश्यकता छ ।

४. कोभिड-१९ महामारी सामना गर्नका लागि आवश्यक संयन्त्रहरु चुस्त राखी केन्द्र र प्रदेश सरकारसँग समन्वय र सहकार्य मार्फत कोरोना रोग रोकथाम, नियन्त्रण, उपचार र राहत लगायतका विषयहरुलाई निरन्तर उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

५. यस विषम परिस्थितिको सन्दर्भमा उत्पन्न हुनसक्ने खाद्य संकट तथा बेरोजगारीको अवस्थालाई ध्यानमा राख्दै कृषि उत्पादन र रोजगारी श्रृजना गर्ने कार्यलाई सर्वोपरी बनाई अघि बढ्ने महत्वपूर्ण जिम्मेवारी हामी सबैको रहेको छ ।

६. विकासका हरेक प्रकृयामा नागरिकको प्रत्यक्ष संलग्नता र सहभागीतालाई थप प्रभावकारी बनाउदै विकासलाई जनमुखी, पारदर्शी, जवाफदेही र सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरणको आधारको रुपमा विकास गर्नु र सेवा प्रवाहलाई बढिभन्दा बढि सूचना प्रविधिमैत्री बनाउनु हामी सबैको दायित्व बनेको छ ।

७. एक सुढृढ सक्षम र समृद्ध गाउँपालिकाका निर्माणका लागि आवश्यक पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा पुगिरहको अवस्थामा कोरोना महामारीको सामना गर्दै आन्तरिक उत्पादकत्व वृद्धि, स्थानीय अर्थतन्त्रका क्षेत्रहरुको पहिचान तथा आर्थिक प्रवर्द्धन, सार्वजनिक निर्माणको गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने विषय चुनौतीका रुपमा हामी सामू रहेको छ ।

८. प्राप्त अवसरहरुको सदुपयोग र संभावित चुनौतीहरुको सामना गर्नेगरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु ।

**प्रस्तुत बजेटका उदेश्यहरु निम्नानुसार रहेका छन्,**

क) कोरोना महामारीका कारण श्रृजना भएका जटिलताहरुसँग सजग रहँदै सोही वमोजिम अनुकुल कार्यक्रमहरु बनाई आवश्यक कार्यान्वयन गर्ने,

ख) उत्पादन वृद्धि र रोजगारी श्रृजना साथै बैदेशिक रोजगारिबाट फर्केका युवाहरुको उचित परिचालन गर्ने,

ग) आर्थिक, सामाजिक स्थिरता तथा समष्टिगत स्थायित्व कायम राख्ने,

घ) जनचाहना बमोजिम पूर्वाधार निर्माण गरी तीव्र र दीगो आर्थिक विकास गर्ने,

ङ) गाउँपालिकाद्धारा प्रदान गरिने सेवामा सबै नागरिकहरुको सरल र सहज पहुँच स्थापित गर्ने ।

९. माथिका यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम हुनेगरी निर्धारण गरेको छु ।

क) कोरोना महामारीसँग जुध्न स्वास्थ्य क्षेत्रको सबै संयन्त्रहरुलाई सक्रिय परिचालन, सुढृढीकरण र सवलीकरणमा विशेष जोड,

ख) स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि,

ग) गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि,

घ) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण,

ङ) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा उचित लगानी र प्रवर्द्धन,

च) दिगो सडक निर्माण र गुणस्तरीय स्तरोन्तनी,

छ) पर्यटन, वन तथा वातावरण र पूर्वाधारको विकास,

ज) सार्वजनिक प्रशासनको सवलीकरण र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग,

झ) संस्थागत विकास र नियमन ।

**सभाध्यक्ष महोदय,**

१०. अव म यिनै चुनौती, उद्देश्य र प्राथमिकताको आधारमा तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आगामी आ.व. २०७७/०७८ को अनुमानित आन्तरिक आम्दानी तर्फ**

| क.सं. | वजेट शिर्षक | आय अनुमान रकम (अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | बाँडफाडबाट प्राप्त हुने दहत्तर बहत्तर शुल्क | १,५०,००,००० | रु. एक करोड पचास लाख मात्र । |
| २ | घर निर्माण स्वीकृती, नक्सा पास | १,००,००० | रु. एक लाख मात्र । |

| | | | |
|---|---|---|---|
| ३ | घर बहाल कर | २,००,००० | रु. दुई लाख मात्र । |
| ४ | एकिकृत सम्पत्ति कर(भूमीकर,सम्पती कर) | ५,००,००० | रु. पाँच लाख मात्र । |
| ५ | प्रशासनीक दण्ड जरिवाना र जफत | ५०,००० | रु. पचास हजार मात्र । |
| ६ | सवारी साधन कर | १०,००० | रु. दश हजार मात्र । |
| ७ | सिफारिस दस्तुर | २,००,००० | रु. दुई लाख मात्र । |
| ८ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,५०,००० | रु. एक लाख पचास हजार मात्र । |
| ९ | नाता प्रमाणित दस्तुर | २,००,००० | रु. दुई लाख मात्र । |
| १० | खानी रोयल्टी | २,००,००० | रु. दुई लाख मात्र । |
| ११ | घरजग्गा रजिस्ट्रेशन शुल्क | २०,००,००० | रु. बीस लाख मात्र । |
| १२ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ५५,००० | रु. पच्पन्न हजार मात्र । |
| १३ | बोलपत्र दस्तुर, व्यवसायिक प्रमाणपत्र जारी तथा नवीकरण दस्तुर | ५,००,००० | रु. पाँच लाख मात्र । |
| १४ | अन्य संस्थागत आन्तरिक अनुदान | ५,००,००० | रु पाँच लाख मात्र । |
| १५ | अन्य (करार, टेन्डर, परीक्षा दस्तुर आदि) | ३,३५,००० | रु. तीन लाख पैंतिस हजार मात्र । |
| | **जम्मा** | २,००,००,०००।००<br>**दुई करोड मात्र ।** | |

## आगामी आ.व. २०७७/०७८ को आय तथा व्ययको विवरण

### आय तर्फ

| क्र. सं. | वजेट शिर्षक | रकम (अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान | ११,९५,००,००० | रु. एघार करोड पन्चानब्बे लाख मात्र । |
| २ | संघीय सरकारबाट सशर्त अनुदान | २०,९४,००,००० | रु. बीस करोड चौरानब्बे लाख मात्र । |
| ३ | संघीय सरकारको रोयल्टि वाँडफाँड | ४,५३,००,००० | रु. चार करोड त्रिपन्न लाख मात्र । |
| ४ | संघीय सरकारको राजश्व वाँडफाँड अनुदान | ६,३०,८५,००० | रु. छ करोड तीस लाख पचासी हजार मात्र । |
| ५ | प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान | ९९,७६,००० | रु. उनान्नसय लाख छयात्तर हजार मात्र । |
| | प्रदेश सरकारबाट सशर्त अनुदान | २,७१,४७,००० | रु. दुई करोड एकहत्तर लाख सत्चालिस हजार मात्र । |

| | | | |
|---|---|---|---|
| ७ | प्रदेश समपूरक अनुदान | २,९६,६८,००० | रु. दुई करोड छयानब्बे लाख अठ्सठ्ठी हजार मात्र । |
| ८ | प्रदेश सरकारबाट सवारी साधन करको बाँडफाँड | १,४०,७७,००० | रु. एक करोड चालिस लाख सतहत्तर हजार मात्र । |
| ९ | आन्तरिक आम्दानी अनुमान | २,००,००,००० | रु. दुई करोड मात्र । |
| १० | कोष मौज्दात | ९,९७,००,००० | रु. नौ करोड सन्तानब्बे लाख मात्र । |
| ११ | अघिल्लो आ.व. को बहुवर्षिय क्रमागत योजनाहरुको भुक्तानी | ३,६१,२६,८४३.८१ | (रु. तीन करोड एकसठ्ठी लाख छब्बीस हजार आठसय त्रिचालिस रपैयाँ एकासी पैसा मात्र) |
| **जम्मा** | | **६७,३९,७९,८४३.८१।**<br>**(रू. सत्सठ्ठी करोड उनान्चालिस लाख उनासी हजार आठसय त्रिचालिस रूपैंया एकासी पैसा मात्र)** | |

<u>व्यय तर्फ</u>

| क्र. सं. | वजेट शिर्षक | रकम (अंकमा) |
|---|---|---|
| **जम्मा बजेट** | | **३०,८५,५३,०००।**<br>**(रु. तीस करोड पचासी लाख त्रिपन्न हजार मात्र )** |
| **१** | **कृषि, सिँचाई तथा पशु विकास** | **५,५०,००,०००**<br>**(रु. पाँच करोड पचास लाख मात्र )** |
| | कृषि विकास | २,००,००,०००।<br>(रु. दुई करोड मात्र ) |
| | सिँचाई | २,५०,००,०००।<br>(रु. दुई करोड पचास लाख) |
| | पशु विकास | १,००,००,०००।<br>(रु. एक करोड मात्र) |
| **२** | **स्वास्थ्य, सरसफाई तथा खानेपानी** | **३,६०,५३,०००।**<br>**(रु. तीन करोड साठी लाख त्रिपन्न हजार मात्र )** |
| | स्वास्थ्य | २,०३,५३,०००।<br>(रु. दुई करोड तीन लाख त्रिपन्न हजार) |
| | खानेपानी एवं सरसफाई | १,५७,००,०००।<br>(रु. एक करोड पचास लाख) |
| **३** | **शिक्षा** | **२,४०,००,०००।**<br>**(रु. दुई करोड चालिस लाख मात्र )** |
| **४** | **कला, साहित्य संस्कृती र पर्यटन** | **३०,००,०००।** |

| | | |
|---|---|---|
| | | **(रु. तिस लाख मात्र )** |
| | कला, साहित्य | ७,००,०००।<br>(रु. सात लाख) |
| | संस्कृति तथा पर्यटन | २३,००,०००।<br>(रु. तेइस लाख) |
| **५** | **सडक यातायात तथा पूर्वाधार विकास** | **६,७५,००,०००।<br>(रु. छ करोड पचहत्तर लाख मात्र )** |
| | सडक निर्माण तथा मर्मत | ३,७५,००,०००।<br>(रु. तिन करोड पचहत्तर लाख मात्र) |
| | पूर्वाधार विकास | ३,००,००,०००।<br>(रु. तीन करोड मात्र) |
| ६ | **वन वातावरण तथा भू-संरक्षण** | **७०,००,०००।<br>(रु. सत्तरी लाख मात्र )** |
| | वन, वातावरण | २०,००,०००।<br>(रु. बीस लाख) |
| | भू-संरक्षण | ५०,००,०००।<br>(रु. पचास लाख) |
| ७ | **उर्जा** | **३५,००,०००।<br>(रु. पैंतिस लाख मात्र )** |
| ८ | **आर्थिक तथा सामाजिक विकास** | **२०,००,०००।<br>(रु. बीस लाख मात्र )** |
| ९ | **युवा तथा खेलकुद विकास** | **१,७५,००,०००<br>(रु. एक करोड पचहत्तर लाख मात्र )** |
| | युवा | ६०,००,०००।<br>(रु. साठी लाख) |
| | खेलकुद विकास | १,१५,००,०००।<br>(रु. एक करोड पन्ध्र लाख) |
| १० | **सूचना, प्रविधि तथा संचार** | **८५,००,०००।<br>(रु. पचासी लाख मात्र )** |
| ११ | **सुशासन, सार्वजनिक सेवा प्रवाह** | **१०,००,०००।<br>(रु. दश लाख मात्र )** |
| १२ | **राजश्व संकलन तथा परिचालन** | **५,००,०००।<br>(रु. पाँच लाख मात्र )** |
| १३ | **सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन** | **२,४५,००,०००<br>(रु. दुई करोड पैंतालिस लाख मात्र )** |
| | महिला | ८०,८५,०००।<br>(रु. असी लाख पचासी हजार मात्र) |

| | | |
|---|---|---|
| | बालबालिका | ३०,६२,५००। (रु. तीस लाख बैसठ्ठी हजार पाँचसय मात्र) |
| | आदिवासी जनजाति | ३६,७५,०००। (रु. छत्तिस लाख पचहत्तर हजार मात्र) |
| | ज्येष्ठ नागरिक | २४,५०,०००। (रु. चौबीस लाख पचास हजार मात्र) |
| | दलित | २४,५०,०००। (रु. चौबीस लाख पचास हजार मात्र) |
| | सुकुम्बासी | १८,३७,५००। (रु. अठार लाख सैंतीस हजार पाँचसय मात्र) |
| | अल्पसंख्यक | ४,९०,०००। (रु. चार लाख नब्बे हजार मात्र) |
| | अपाङ्ग लक्षित कार्यक्रम | २४,५०,०००। (रु. चौबीस लाख पचास हजार मात्र) |
| **१४** | **जोखिम तथा प्रकोप व्यवस्थापन** | **५०,००,०००। (रु. पचास लाख मात्र )** |
| **१५** | **उद्योग तथा वाणिज्य** | **१५,००,०००। (रु. पन्ध्र लाख मात्र )** |
| **१६** | **सहकारी तथा संघसंस्था** | **४०,००,००० (रु. चालिस लाख मात्र )** |
| **१७** | **कानून तथा न्याय सम्पादन** | **३०,००,००० (रु. तीस लाख मात्र )** |
| **१८** | **कर्मचारी कल्याण कोष** | **१०,००,०००। (रु. दश लाख मात्र)** |
| **१९** | **आर्थिक सहायता तथा चन्दा पुरस्कार कोष** | **५,००,०००। (रु. पाँच लाख मात्र )** |
| **२०** | **वडा कार्यालयहरुको पूर्वाधार व्यवस्थापन कोष** | **३५,००,०००। (रु. पैंतिस लाख मात्र )** |
| **२१** | **समपुरक कोष** | **३,५०,००,०००। (रु. तीन करोड पचास लाख मात्र )** |
| **२२** | **आकस्मिक निर्माण तथा मर्मत कोष (न्युन बजेट)** | **५०,००,०००। (रु. पचास लाख मात्र )** |
| | ***जम्मा विनियोजित रकम*** | ***३०,८५,५३,०००। (रु. तीस करोड पचासी लाख त्रिपन्न हजार मात्र )*** |
| **२३** | अघिल्लो आ.व. को बहुवर्षिय क्रमागत योजनाहरुको भुक्तानी | ३,६१,२६,८४३.८१। **(तीन करोड एकसठ्ठी लाख छब्बीस हजार आठसय त्रिचालिस रपैयाँ एकासी पैसा मात्र)** |

| | | |
|---|---|---|
| २४ | संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | २०,९४,००,०००।<br>(रु. बीस करोड चौरानब्बे लाख मात्र ) |
| २५ | संघीय सरकारको राजश्व बाँडफाँड अनुमान | ६,३०,८५,०००।<br>(रु. छ करोड तीस लाख पचासी हजार मात्र ) |
| २६ | प्रदेश सरकारबाट सशर्त अनुदान | २,७१,४७,०००।<br>(रु. दुई करोड एकहत्तर लाख सत्चालिस हजार मात्र । |
| २७ | प्रदेश समपूरक अनुदान | २,९६,६८,०००।<br>रु. दुई करोड छयानब्बे लाख अठ्सठ्ठी हजार मात्र । |
| **जम्मा बजेट** | | **६७,३९,७९,८४३.८१।<br>(रू. सत्सठ्ठी करोड उनान्चालिस लाख उनान्नअसी हजार आठसय त्रिचालिस रूपैंया एकासी पैसा मात्र)** |

**धन्यवाद**